फोन नं. ०३७-६२००७५

# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७८/०७९
चलानी नं.: ३६८

प्रदेश नं. १, नेपाल
मिति : २०७८/०९/३०

**विषयः आवतजावतमा रोक लगाईएको सम्बन्धमा ।**

**श्री जो जस सँग सम्बन्धित छ ।**

प्रस्तुत विषयको सम्बन्धमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस ( Covid – 19 ) को तेस्रो लहर डेल्टा भेरियन्ट हुँदै ओमिक्रोन भेरियन्ट सम्म फैलिई नेपालमा प्रतिदिन २१०० बढी संक्रमित भईरहेको सबैलाई जानकारी नै छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको Case of Nepal Map को स्रोत अनुसार हाम्रो ओखलढुंगा जिल्लामा सक्रिय संक्रमित हुनेको संख्या १५४४ जना नजिकैको खोटाङ जिल्लामा १२७२ सिन्धुली जिल्लामा ३४५१ र सोलुखुम्बु जिल्लामा ६५९ जना रहेको देखाएको छ । यस कोरोना भाईरसको संक्रमण फैलिरहेको अवस्थामा हाम्रो छिमेकी जिल्ला खोटाङको रभुवाघाटमा वर्षेनी लाग्दै आएको माघे संक्रान्ति मेलालाई जिल्ला प्रशासन कार्यालय ओखलढुंगा र जिल्ला प्रशासन कार्यालय खोटाङको निर्देशानुसार उक्त मेला बन्द गर्ने निर्णय भएको हुँदा उक्त चाडपर्व मेलामा यस चिशंखुगढी गाउँपालिकाको क्षेत्रभित्रबाट कोहिपनि नागरिकहरु उक्त मेलामा आवतजावत नगर्न नगराउन हुनका लागि सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौ ।

सिंहराज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा आवश्यक सहयोग गरिदिनु हुन ।
श्री प्रहरी चौकी खानीभञ्ज्याङ्ग तथा सेर्ना, चिशंखुगढी गाउँपालिका, ओखलढुंगा ।